**Voice : A Biannual & Bilingual Journal**
*2024 June, Vol : 16, No. 1, pp.138-153*
DOI : https://doi.org/10.3126/voice.v16i1.67427

# रिब्दीकोट क्षेत्रमा प्रचलित फागुगीतको उद्देश्य

प्रदिप ज्ञवाली[1]

**Article Information : Received :** April 09, 2024 **Revised :** May 20, 2024 **Accepted :** June 19, 2024

**सारसङ्क्षेप**

प्रस्तुत अनुसन्धानात्मक लेखमा पाल्पा जिल्लाको रिब्दीकोट क्षेत्रमा प्रचलित फागुगीतहरूको संरचनात्मक अध्ययन पद्धतिका माध्ययमबाट यसको प्रयोजन वा उद्देश्यको निरुपण गरिएको छ । यस क्षेत्रमा प्रचलित फागुगीतहरूको मूल प्रयोजन भनेको मनोरञ्जन, नैतिक शिक्षा वा उपदेश, लोककल्याण र सामाजिक यथार्थको प्रकटीकरण नै रहेको देखिन्छ । यी फागुगीतहरूका सामाजिक, धार्मिक, सांस्कृतिक, पौराणिक आदि विषयवस्तुभित्र रहेका विरह तथा वेदना भए पनि त्यसको गायनपछि मनमा शान्ति उत्पन्न हुने भएकाले यस्ता दुःखका गीतहरूमा पनि मनोरञ्जन भन्ने तत्व अन्तर्घुलित भएर आएको देखिन्छ । फागुपर्व आफैमा खुसियालीको अवसर भएको हुँदा यस सन्दर्भमा गाइने गीतमा मनको बहलाउ वा मनोरञ्जन अन्तिम लक्ष्य भएको पाइन्छ । यस क्षेत्रका फागुगीतमा अग्रजले गरेका असल कार्यको प्रशंसा गरेर मानिसलाई सही मार्गतर्फ अभिप्रेरित गराउने ध्येय रहेको देखिन्छ । यी फागुगीतहरूमा मनोरञ्जनात्मक पारामा नैतिक शिक्षा, व्यावहारिक ज्ञान तथा आध्यात्मिक ज्ञान प्रदान गर्ने र समाज सुधारको बाटो देखाउने उद्देश्य राखेको पाइन्छ । लोकमङ्गलको कामना तथा अनिष्ट निवारण गर्नु यहाँ प्रचलित फागुगीतको अभीष्ट हो । देवीदेवतासम्बन्धी फागुगीतमार्फत लोकमङ्गलको कामना तथा धर्म प्राप्ति अर्थात् अनिष्ट निवारण हुने कुराको अभिव्यक्तिसमेत यी गीतमा पाइन्छ । यज्ञ गरेर अनि भागवत सुनाएर मोक्ष प्राप्त गरी लोकमङ्गलको कामना गर्नु, ऐतिहासिक एवं भौगोलिक तथ्यको जानकारीका साथै जनसमुदायका वास्तविक भोगाइ र समाजको यथार्थको अभिव्यक्तिका साथै यी फागुगीतमा समाजका विश्वास, अन्धविश्वास, रीतिथिति, चालचलन, रहनसहन, संस्कृति आदिको समेत प्रतिबिम्ब झल्किएको पाइन्छ ।

**शब्दकुञ्जी :** अन्धविश्वास, आध्यात्मिक ज्ञान, मनोरञ्जन, लोककल्याण, लोकमङ्गल ।

[1]उपप्राध्यापक , बुटवल बहुमुखी, क्याम्पस, बुटवल, त्रि.वि.
इमेल : gyawalipradip98@gmail.com

ISSN : 2091-2161
©The Author(s)

Published by Autar Dei Chaudharain Research Centre (ADCRC), Mahendra Multiple Campus, Nepalgunj, Banke
The open access article is distributed under a Creative Common Attribution (CC BY-NC 4.0) licence.

## विषयपरिचय

नेपालको लुम्बिनी प्रदेशअन्तर्गत पाल्पा जिल्लाको सदरमुकाम तानसेनबाट दश किलोमिटर पश्चिम क्षेत्रमा रिब्दीकोट गाउँपालिका अवस्थित छ । जम्मा १२४.५५ वर्ग किलोमिटर क्षेत्रमा फैलिएको यस गाउँपालिकामा क्रमशः ख्याहा, देउराली, खस्यौली, भैरवस्थान, कुसुमखोला, पालुङमैनादी, ठिमुरे र फेक गरी आठ ओटा वडा रहेका छन् । साविकका आठ ओटा गा.वि.स. मिलेर अहिले रिब्दीकोट गाउँपालिका बनेको छ। यस गाउँपालिकाको पूर्वतिर तानसेन नगरपालिका, पश्चिमतिर रैनादेवी छहरा गाउँपालिका, दक्षिणतिर तिनाउ गाउँपालिका र उत्तरतर्फ गुल्मी जिल्लाको रुरु गाउँपालिका पर्दछन् । यो गाउँपालिका साहित्यिक, धार्मिक तथा ऐतिहासिक दृष्टिकोणले समेत महत्त्वपूर्ण रहेको छ । यो गाउँपालिका लोकसंस्कृति र साहित्यमा धनी ठाउँ हो । यस क्षेत्रमा विभिन्न लोकसंस्कारहरूका साथै थुप्रै लोकगीतहरू प्रचलनमा रहेका पाइन्छन्, जसमध्ये फागुगीत पनि एक हो ।

लोकसाहित्यको गेयात्मक विधा लोकगीत हो। 'लोक' र 'गीत' दुईवटा शब्दहरूको संयोजनबाट 'लोकगीत' शब्दको निर्माण भएको पाइन्छ । यसको अर्थ लोकले गाउने वा लोकको गीत भन्ने बुझिन्छ । लोकगीतमा लोक जीवनका दुःख-सुख, आँसु-हाँसो, आशा-निराशाका साथै लोकको चाल चलन, विधि व्यवहार, आस्था र मान्यताहरू चित्रित भएका हुन्छन् । लोकगीतहरू प्रायः धार्मिक, पार्विक, सांस्कारिक, कर्म तथा अन्य अवसरहरूमा लोकनृत्य प्रस्तुत गर्दा वा मानव मनका दुःख-सुख व्यक्त गर्ने क्रममा गाइने चलन छ। लोकगीत मूलतः ग्रामीण संस्कृतिको गर्भबाट निस्कन्छ र समाजका हरेक पक्षहरूलाई प्रतिबम्बित गर्दछ। यसरी जीवनका विविध पक्षहरूको यथार्थलाई व्यक्त गर्ने सहज, लयात्मक, सशक्त र प्रभावकारी माध्यम नै लोकगीत हो। फागुगीत पनि लोकगीतको पर्वगीतअन्तर्गत पर्ने भएकाले लोकगीतका यी विशेषताहरू यस गीतमा पनि पाइन्छन् ।

फागुगीत रिब्दीकोट क्षेत्रको लोकसाहित्यअन्तर्गत पर्ने प्रसिद्ध पर्वगीत हो । फागुन महिनाको अष्टमीदेखि पूर्णिमासम्म मनाउने हुनाले यसलाई फागुपर्व भनिन्छ । यसलाई होलीपर्व पनि भनिन्छ । यहीँ फागुपर्वका अवसरमा गाइने हुनाले यस गीतलाई फागुगीत भनिएको हो । स्थानअनुसार फागु खेल्ने र गीत गाउने तरिकामा पनि भिन्नता रहेको पाइन्छ । स्थानीय भाषामा यो गीत गाउने तथा नाच्ने कार्यलाई जनाउन फागु खेल्ने पदावलीको पनि प्रयोग गरिएको पाइन्छ। रिब्दीकोट गाउँपालिकामा प्रचलित फागुगीत अन्य क्षेत्रको भन्दा भिन्न र विशिष्ट प्रकारको रहेको छ । यस आलेखमा यस क्षेत्रमा प्रचलित फागुगीतहरूको केकस्ता उद्देश्यहरू रहेका छन् भन्ने मुख्य प्रश्नमा केन्द्रित रहेर तिनको प्रयोजन निरुपण गर्ने प्रमुख ध्येय राखिएको छ ।

## अध्ययनविधि

प्रस्तुत आलेख गुणात्मक शोध ढाँचामा आधारित रहेको छ । यो शोधकार्य गर्न सामग्री सङ्कलनका लागि क्षेत्रीय अध्ययन र पुस्तकालयीय कार्य अवलम्बन गरिएको छ। यसो गर्दा प्राथमिक स्रोतकाअन्तर्गतका सामग्री क्षेत्रकार्य गरी सङ्कलन गरिएको छ भने द्वितीयक स्रोतका सामग्री सङ्कलनका लागि पुस्तकालयीय कार्य गरिएको छ । प्राथमिक स्रोतका सामग्री अन्तर्गत विभिन्न फागुगीतहरू र

द्वितीयक सामग्रीका रूपमा यस गीतका सैद्धान्तिक पुस्तक पत्रपत्रिका तथा शोधग्रन्थहरू रहेका छन् । सङ्कलित सामग्रीहरूको विश्लेषणका लागि संरचनावादी अध्ययन पद्धतिको अवलम्बन गरिएको छ । लोकगीतको पर्वगीतअन्तर्गत पर्ने फागुगीतको अध्ययनका लागि छुट्टै सिद्धान्तको स्थापना नभएको हुनाले सङ्कलन गरिएका फागुगीतलाई लोकगीतका संरचक घटकहरूमध्ये उद्देश्य वा प्रयोजनका आधारमा विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## अध्ययनको सैद्धान्तिक आधार

रिब्दीकोट क्षेत्रमा प्रचलित फागुगीतलाई यसका संरचक घटकका आधारमा अध्ययन र विश्लेषण गर्नु यस शोधकार्यको उद्देश्य रहेको हुनाले यसमा मूलतः संरचनावादी पद्धतिको प्रयोग गरिएको छ । संरचनावादी पद्धतिबाट लोकसाहित्य तथा जुनसुकै साहित्यिक कृतिको वस्तुगत विश्लेषण गर्न सकिन्छ। यस पद्धतिको अनुशरण गरी फागुगीतको अध्ययन गर्दा गीतमा पाइने घटक तथा तिनको आपसी सम्बन्धको विश्लेषण हुन्छ । लोकगीतको संरचना भनेको यसको समग्र बनावट वा सङगठन हो । अवयव हुने प्रत्येक वस्तुको संरचना हुन्छ यस सन्दर्भमा संरचनाले यसको बृहत् घटकलाई जनाउँछ (शर्मा, २०४८, पृ. ३३) । फागुगीतको आकार वा स्वरूप यसको बाह्य संरचना हो अर्थात् यसको बाह्य संरचना भनेको बाहिरी रूपमा देखिने स्थूल बनोट वा आवरण हो । यसको आन्तरिक संरचना गीतको कथ्यसँग सम्बन्धित भाव वा विचार, लय, उद्देश्य आदिले बनेको हुन्छ ।

उद्देश्य भनेको प्रयोजन हो । अर्को शब्दमा भन्नु पर्दा साहित्य-सिर्जनकार्यमा प्रवृत्त हुँदा स्रष्टालाई र साहित्य आस्वादन कार्यमा लाग्दा सहृदयलाई प्राप्त हुने फाइदा वा लाभलाई नै प्रयोजन भनिन्छ । कुनै पनि साहित्यिक वा लोकसाहित्यिक कृतिको रचना गर्दा लेखक वा कथकले कुनै न कुनै प्रयोजनका लागि गरेको हुन्छ । लोकसाहित्यको रचना कुनै व्यक्तिले नभएर लोकले गर्ने हुँदा यसको प्रयोजन व्यत्तिगत नभई लोकसम्मत हुन्छ । कुनै पनि सोच वा प्रयोजन नभएको रचना अर्थहीन र अलोकप्रिय पनि हुन्छ । "कृतिमा अभिव्यक्त गर्न खोजिएको प्रयोजन नै उद्देश्य हो । हरेक कृतिको रचना प्रयोजनमूलक ढङ्गले गरिएको हुन्छ" (लुइटेल, २०६२, पृ. ३०९) । साहित्यको प्रयोजनका सम्बन्धमा पूर्वीय तथा पाश्चात्य दुवैतर्फ विशद् चर्चा गरेको पाइन्छ। साहित्य चिन्तनका क्षेत्रमा काव्य सिर्जनाको उद्देश्यलाई प्रयोजन मानिएको र यसले साहित्यिक सिर्जनाको सार्थकता जनाउने बताइएको छ । साहित्यको प्रयोजनको विषयमा विभिन्न थरीका प्राचीन आचार्यहरूले विभिन्न किसिमले आफ्नो आफ्नो मन्तव्य व्यक्त गरेका छन् (भट्टराई, २०७७, पृ. १९) । पूर्वीय साहित्य चिन्तनको परम्परामा महामुनि भरतले लोकलाई उपदेश दिनु, भामहले पुरुषार्थ चतुष्टय (धर्म, अर्थ, काम, मोक्ष) तथा सबै किसिमका कला, कृति र आनन्द प्राप्तिलाई, रुद्रटले चतुवर्गको प्राप्तिलाई, कुन्तकले चतुवर्गका साथै अन्तश्चमत्कार र अलौकिक आनन्द प्राप्तिलाई, वामनले दृष्ट र अदृष्ट आनन्द प्राप्तिलाई, मम्मटले कीर्ति, धन, व्यवहारज्ञान, अमङ्गलनाश, परमानन्द र कान्तासम्मित उपदेशलाई, विश्वनाथले पुरुषार्थ चतुष्टय (धर्म, अर्थ, काम, मोक्ष) लाई साहित्यको प्रयोजन मानेका छन् भने पश्चिममा प्लेटोले नैतिक मूल्यको स्थापनालाई ,अरस्तुले शिक्षा र आनन्दलाई, ड्राइडनले आनन्ददायी शिक्षालाई, वर्डसवर्थले सत्य र सौन्दर्यका माध्यमबाट प्राप्त आनन्दलाई साहित्यको प्रयोजन मानेका छन् । यी दुवैतर्फका

चिन्तकहरूको अभिमतलाई अध्ययन गर्दा लोकमङ्गल, मनोरञ्जन, आनन्द, शिक्षा र उपदेशलाई कृतिको प्रयोजन मान्न सकिन्छ ।

प्रयोजनसँग सम्बन्धित उपर्युक्त विचारहरू कुनै एउटा विधामा मात्र सीमित नभई समग्र साहित्यका सन्दर्भमा आएका अभिमत हुन् । लोकसाहित्य र शिष्ट साहित्यका बीचमा घनिष्ठ सम्बन्ध रहेको हुनाले यिनको प्रयोजनलाई पनि एकअर्काको सापेक्षतामा हेर्नु वाञ्छनीय हुन्छ । "लोकगीतको प्रयोजनलाई त्यसको उद्देश्य भनिन्छ । लोकगीतको सिर्जना निरुद्देश्य नगरिने हुँदा प्रत्येक लोकगीतको केही न केही उद्देश्य अवश्य हुन्छ । उद्देश्य विनाको लोकगीत निरर्थक रचना ठहरिने हुँदा एउटा तत्त्वका रूपमा यसको महत्त्वपूर्ण स्थान रहेको छ (शर्मा र लुइटेल, २०६३, पृ.७५) । फागुगीत लोकगीतअन्तर्गत पर्ने भएकाले लोकगीतकाजस्तै फागुगीतका पनि विभिन्न उद्देश्यहरू रहेका हुन्छन् । फागुगीतका उद्देश्य लोकलाई शिक्षा दिनु, मनोरञ्जन दिलाउनु, मन बहलाउनु तथा तत्कालीन यथार्थको प्रकट गर्नु आदि हुन सक्छन् । फागुगीतले तत्कालीन समाजका गतिविधिको चित्र उतार्ने पनि उद्देश्य लिएको हुन्छ । समाजमा रहेका पारिवारिक सम्बन्ध, वात्सल्य भाव, भातृत्व तथा जीवन भोगाइका सुख तथा दुख लोकगीतले प्रस्तुत गर्छ (पराजुली, २०५७, पृ.४८१) । फागुगीतले पनि जीवन भोगाइका यिनै पक्षको चित्रण गरेको पाइन्छ । फागुगीतको रचना मनोरञ्जन प्रदान गर्ने उद्देश्यले गरिएको भए पनि अर्ती उपदेश दिने, शिक्षा दिने र ज्ञानको दायरा बढाउने यसको उद्देश्य रहेको हुन्छ । नेपालका विभिन्न ठाउँका मानिसहरू फागुगीतको माध्यमले रमाइलो गर्ने चलन यद्यापि छँदै छ । शत्रुलाई जित्ने, अदृश्य शक्तिलाई जागृत गराउने र ईश्वरीय शक्तिको आरधना गर्ने फागुगीतको उद्देश्य हुन सक्छ । फागुगीतमा कुनै न कुनै रूपमा यसको उद्देश्य लुकेर रहेको हुन्छ । उद्देश्य कुनै फागुगीतमा प्रस्ट रूपमा आएको हुन्छ भने कतिपय फागुगीतमा अस्पष्ट वा अप्रत्यक्ष रूपमा रहेको हुन्छ । फागुगीत लोकसाहित्यिक विधा भएको हुनाले लोकलाई मनोरञ्जन दिलाउनु, नैतिक शिक्षा प्रदान गर्नु, लोककल्याणको कामना गर्नु तथा तत्कालीन यथार्थको प्रकट गर्नु आदि यसका उद्देश्यहरू हुन सक्छन् । फागुगीतमा निहित मुख्य उद्देश्यलाई तल सङ्क्षेपमा परिचय दिइएको छ ।

**मनोरञ्जन**

मन बहलाउने वा मनलाई आनन्दित तुल्याउने कार्यलाई मनोरञ्जन भनिन्छ । यसको शाब्दिक अर्थल मनलाई प्रशन्न तुल्याउने कार्य वा मनोविनोद हो । यो साहित्यस्रष्टा र सहृदय दुवैसँग सम्बद्ध साहित्य प्रयोजन हो । लोकसाहित्यका सन्दर्भमा मनोरञ्जनले यसका कुनै विधाको श्रवण वा दर्शनबाट प्राप्त हुने मनोविनोदलाई बुझाउँछ । मानिसले लोकसाहित्यका लोकगीत, लोककथा, लोकगाथा, लोकनाटक, गाउँखाने कथा आदिका माध्यमबाट मनोरञ्जन लिने र अरूलाई पनि मनोरञ्जन प्रदान गर्ने प्रचलन पुरानो हो । पूर्वीय तथा पाश्चात्य दुवैतिरका विद्वान्हरूले काव्यको प्रयोजनसम्बन्धी अभिमत राख्दा मनोरञ्जन वा आनन्दानूभूतिलाई प्राथमिकता दिएको पाइन्छ । आनन्द र मनोरञ्जनका बीचमा एकअर्कामा धेरै समानता छ तर यी दुई समानार्थी शब्द भने होइनन् । आनन्द अन्तर्मुखी र मनोरञ्जन बहिर्मुखी हुन्छ, त्यसैले लोक साहित्यमा मनोरञ्जन पक्ष प्रबल हुन्छ । यस्तो आनन्द प्राप्ति साहित्य साधनाद्वारा स्रष्टालाई र साहित्यको पठन वा श्रवण वा दर्शनद्वारा सहृदयलाई प्राप्त हुन्छ ।

फागुगीतको प्रमुख उद्देश्य मनोरञ्जन प्रदान गर्नु हो । मानिसले सभ्यताको प्रारम्भदेखि नै विभिन्न प्रकारका गीत गाएर मनोरञ्जन लिने र गीतका माध्यमबाट मनोरञ्जन प्रदान गर्ने गरेको पाइन्छ । सामान्यतः जुनसुकै बेलामा र विशेषतः चाडबाड, मेलापर्व आदिमा लोककृतिहरूले लोकरञ्जनको प्रयोजन पूर्ति गर्छन् (शर्मा र लुइटेल, २०६३, पृ.२०) । फागुगीत पर्वगीतअन्तर्गत पर्दछ । यो गीत फागुपर्वका अवसरमा गाइन्छ । यस गीतको श्रवणबाट विलक्षण किसिमको आनन्द र मनोरञ्जन प्राप्ति हुन्छ, त्यसैले फागुगीतको प्रयोजनमध्ये यो सर्वोपरी मानिन्छ । आनन्द मानिसका आन्तरिक तहमा रहेको हुन्छ । मानिसले यस्ता गीतका माध्यमबाट मनमा रहेका सबै प्रकारका पीडा बिर्सने र मन हलुको बनाउने हुनाले मनोरञ्जन र आनन्दानुभूतिलाई गीतको उद्देश्यका रूपमा लिइन्छ । आनन्द र मनोरञ्जनका बीच एकअर्कामा समानता रहेको हुनाले फागुगीतको उद्देश्य विश्लेषणमा आनन्दलाई छुट्टै उपशीर्षकमा नराखी मनोरञ्जनभित्र अन्तर्भूत गरेर चर्चा गरिएको छ ।

## नैतिक शिक्षा वा उपदेश

नैतिक, व्यावहारिक वा शिक्षामूलक सन्देश प्रदान गर्नुलाई नै नैतिक शिक्षा वा उपदेश भनिन्छ । लोकसाहित्यले कोरा उपदेश नदिई मनोरञ्जनात्क ढङ्गले नीतिमूलक शिक्षा प्रदान गर्छ र समाजसुधारको बाटो पनि देखाउँछ ( लुइटेल, २०६८, पृ. १४) । यो सहृदयसँग सम्बद्ध लोकसाहित्य प्रयोजन हो । साहित्यका माध्यमबाट नीति र समाजसुधारको शिक्षा प्रदान गर्ने प्रचलन पुरानो हो । प्राचीन समयमा औपचारिक शिक्षा प्रदान गर्ने संस्था नभएको हुनाले लोकगीतका माध्यमबाट नैतिकता र समाजमा असल कार्यका लागि मार्गप्रदर्शन गर्ने चलन रहेको थियो । पूर्वीय साहित्यचिन्तन परम्परामा आचार्यहरूले साहित्यको प्रयोजनको बारेमा विमर्श गर्दा उपदेश वा नैतिक शिक्षालाई प्राथमिकतामा राखेको पाइन्छ । पश्चिममा प्लेटोपूर्वदेखि आरम्भ भएको नीतिवाद नीति प्राधान्यवाददेखि मानवतावादी नीतिवादसम्मका विभिन्न प्रकारमा विभाजित भएको र समग्रमा यसले साहित्यको प्रयोजन नैतिक शिक्षालाई मानेको भेटिन्छ (शर्मा र लुइटेल, २०७२, पृ. १०७) । यसबाट पाश्चात्य साहित्य चिन्तकहरूले पनि साहित्य प्रयोजनका सन्दर्भमा नैतिक शिक्षा वा उपदेशलाई प्राथमिकतामा राखेको कुरा पुष्टि हुन्छ ।

लोकसाहित्य निकै सरल र रोचक विधा भएकाले यसले रमाइलो तरिकाले नैतिक शिक्षा प्रदान गर्ने र मानिसलाई नैतिक चरित्रवान् तथा असल मानिस बनाउने र समाजमा सत्को प्रचार गर्ने उद्देश्य राखेको हुन्छ । फागुगीतहरूले मानिसलाई सत्य र धर्मका लागि ईश्वरीय पथ र सुमार्गमा लाग्ने शिक्षा पनि प्रदान गरेका छन् । फागुगीत पनि लोकगीतअन्तर्गत पर्ने भएको हुनाले यसमा नैतिक शिक्षा र उपदेश दिने उद्देश्य पनि निहित रहेको पाइन्छ । नैतिक शिक्षा प्रदान गर्नु लोकसाहित्य वा शिष्ट साहित्यको मुख्य उद्देश्य हो । शिक्षा ज्ञानको दायरा फराकिलो बनाउने मुख्य माध्यम हो । विद्यालयमा गएर औपचारिक शिक्षा लिने परिपाटी नहुँदा पनि लोकसाहित्यको माध्यमबाट नैतिकता र तथा उपदेशको सञ्चार गर्ने-गराउने परम्परा रहेको थियो । फागुगीत समाजमा नैतिकताको पाठ पढाउने र मानिसलाई अर्तीउपदेश दिने उद्देश्य राखेको हुन्छ । कतिपय फागुगीतले सिधै उपदेशात्मक अभिव्यक्ति दिएका हुन्छन् भने कतिपय गीतले अन्तर्वस्तुमार्फत नैतिक शिक्षा प्रदान गरेका हुन्छन् ।

## लोकमङ्गलको कामना

लोकको साझा हित गर्ने कार्यलाई लोकमङ्गल भनिन्छ। यसलाई लोककल्याण वा मानवकल्याण पनि पनि भन्ने गरिन्छ । फागुगीतको अर्को प्रयोजन भनेको लोकमङ्गलको कामना गर्नु हो । जनमानसको साझा र हितकारी कामलाई लोकमङ्गल भनिन्छ, जसमा समाजको भलो वा हित हुने प्रसङ्ग वा घटनाले ग्राह्यता पाउँछ । यसले लोकको अहित गर्ने कुराहरूलाई त्यागेर हित गर्ने कुराहरूलाई अँगाली सही मार्गनिर्देश गरेर लोकमङ्गलकारी उद्देश्य पूर्ति गर्छ (लुइटेल, २०६८, पृ. १४,१५) । "लोकगीतको मूल मर्म 'सर्वजन सुखाय सर्वजन हिताय' हो । लोकगीतमा शान्ति, मैत्री, प्रेमजस्ता प्राणी कल्याणको भावना पाइन्छ" (आचार्य, २०६२, पृ. १९१) । लोकगीतअन्तर्गत पर्ने फागुगीतले पनि मान्छेमा रहेको मनको बेचैनी हटोस्, सत्कर्ममा मन जाओस् र सबैको भलो होओस् भन्ने कामना राखेको हुन्छ ।

लोकसाहित्यको उद्देश्य व्यक्तिविशेषको हित नभएर समग्र मानव तथा जनसमुदायकै हित गर्नु हो । समाज सुधारको चाहना व्यक्त गर्नु यसको अर्को प्रयोजन हो । फागुगीतको उद्देश्य पनि लोककल्याण वा मानवकल्याणको भावना जागृत गर्नु हो । विशेष गरी धार्मिक प्रकृतिका फागुगीतले भगवान्भक्तिको माध्यममार्फत मानव कल्याणको चाहना र लोकलाई अनिष्ट हुनबाट बँचाउने उद्देश्य राखेका हुन्छन् भने पौराणिक प्रकृतिका फागुगीतमा सत्को विजय र असत्को पराजय देखाएर लोकमङ्गलको बाटो देखाइएको हुन्छ ।

## यथार्थको प्रकटीकरण

समाजका यथार्थ घटना वा समाजमा रहेका वस्तुसत्यलाई सामाजिक यथार्थ भनिन्छ । लोकसाहित्य वा शिष्ट साहित्य दुवै समाजसापेक्ष हुने भएकाले यिनमा समाजको वास्तविक चित्र रहेको हुन्छ । यी दुवैले समाजको वस्तुतथ्यलाई प्रस्ततु गर्ने ध्येय राखेका हुन्छन् । चेतनशील प्राणी भएकाले मानिसहरूमा अनेक प्रकारको सोच, धारणा र क्षमता रहेको हुन्छ । तिनीहरूले सम्पन्न गर्ने सामाजिक गतिविधिमा समानता र विभेद दुवै रहेको हुन्छ । मानिसका वास्तविक भोगाइको स्वतःस्फूर्त र नैसर्गिक अभिव्यक्ति हुने हुँदा लोकसाहित्यलाई समाजको वास्तविक ऐना पनि भनिन्छ (शर्मा र लुइटेल, २०६३, पृ. २०) । फागुगीतमा सामूहिकताको अभिव्यक्ति हुने हुनाले यसमा लोकसमाजका विविध पक्षको प्रस्तुति हुन्छ । समाजका रीतिथिति, चालचलन, रहनसहन, लवाइखवाइ, सोचाइ, विश्वास, अन्धविश्वास, संस्कृति, कृयाकलाप आदिको सच्चा प्रतिबिम्ब लोकसाहित्यमा पाइन्छ । (लुइटेल, २०६८, पृ. १५) । फागुगीत पनि लोकसाहित्यको लोकगीतअन्तर्गत पर्ने विधा भएकाले यसमा समाजका यी यावत् पक्षको चित्रण गरिएको पाइन्छ, तसर्थ यसले मानव समाजमा भएका सबै गतिविधि, अवस्था, समाजको संरचना, सामाजिक मान्यता तथा रीति, परम्परा र मानिसले पालन गरेका संस्कृति आदिको चित्रण गर्ने उद्देश्य राखेको हुन्छ । यसबाहेक समाजमा रहेका कुरीति, अन्धविश्वास, अन्याय, राष्ट्रप्रेम तथा राष्ट्रिय स्वाधीनताको भावना जागृत गर्ने ध्येय फागुगीतले राखेको हुन्छ । यस्ता गीतमा सामाजिक भौगोलिक तथा ऐतिहासिक यथार्थको समेत प्रकटीकरण गरेको पाइन्छ । अतः यथार्थको प्रकटीकरण यसको अर्को महत्त्वपूर्ण प्रयोजन हो ।

## रिब्दीकोट क्षेत्रका फागुगीतको उद्देश्यको विश्लेषण

उद्देश्यबिना कुनै पनि कार्य गरिँदैन। जुनसुकै काम गर्दा पनि कुनै न कुनै उद्देश्य राखेर गरिन्छ। लिखित साहित्य वा लोकसाहित्य दुवैको कुनै न कुनै उद्देश्य हुन्छ। फागुगीत लोकसाहित्यअन्तर्गत पर्ने लोकगीतको एउटा भेद भएको हुनाले यसको रचना गर्दा पनि निश्चित उद्देश्य राखेर गरेको पाइन्छ। रिब्दीकोट क्षेत्रमा प्रचलित फागुगीतहरूका पनि विभिन्न उद्देश्यहरू रहेका छन्। यस अध्ययनमा सो क्षेत्रमा प्रचलनमा रहेका फागुगीतहरूको उद्देश्य निरुपण गरिएको छ।

### मनोरञ्जन

रिब्दीकोट क्षेत्रका फागुगीतको उद्देश्य भनेको फागुपर्वका अवसरमा अबिर लगाएर गीत गाउँदै नाचेर आनन्द लिनु वा मन बहलाउनु र आम मानिसलाई मनोरञ्जन प्रदान गर्नु रहेको देखिन्छ। यहाँका सबै फागुगीतहरू होली वा फागुपर्व मनाउने क्रममा गाइने गरिन्छ। यी फागुगीतहरूका सामाजिक, धार्मिक, सांस्कृतिक, पौराणिक आदि विषयवस्तुभित्र रहेका विरह तथा वेदना भए पनि त्यसको गायनपछि मनमा शान्ति उत्पन्न हुने भएकाले यस्ता दुःखका गीतहरूमा पनि मनोरञ्जन भन्ने तत्त्व लुकेर बसेको हुन्छ। फागुपर्व आफैमा खुसियालीको अवसर भएको हुँदा यस सन्दर्भमा गाइने गीतमा मनको बहलाउ वा मनोरञ्जन अन्तिम लक्ष्य भएको पाइन्छ। यी सबै फागुगीतहरू फागुपर्वको समयमा गाएर अनि नाचेर मनोरञ्जन लिने वा दुःख बिर्सिने भएको हुनाले यी गीतको पनि मुख्य उद्देश्य भनेको मनोरञ्जन रहेको छ। यस कुरालाई फागुपर्व सम्बन्धी फागुगीतको निम्नलिखित उदाहरणले पुष्टि गर्दछ :

सदामा आवे फागुन महिना
सदामा आवे फागुन महिना।
होली से होली हो होली खेलन
राजाको फाउ हो होली खेलन
रङ्ग से रङ्ग हो रङ्ग खेलन
राजाको फाउ हो रङ्ग खेलन
खेलो त हो पिचकारी रे
हरहर झरो पिचकारी रे
गुराँस रङ्गको रङ्ग बनावे
गुराँस रङ्गको रङ्ग बनावे।
तिमी हामी मिलेर रङ्ग खेलको भगवान्
ए हो तिमी हामी मिलेर रङ्ग खेलको भगवान्।

उपर्युक्त उदाहरणमा होली खेल्न फागुन महिना सधैँ आउँछ, होली खेलन हो, होली खेलन भनेर नृत्यका साथ गीत गाएर मन बुझाउने र मनोरञ्जन प्रदान गर्ने उद्देश्य रहेको देखिन्छ साथै गुराँसजस्तो रातो रङ्ग बनाएर तिमीहामी सबै मिलेर होली खेलेर मनोरञ्जन गरौँ भन्ने भाव व्यक्त

भएको पाइन्छ । यसै गरी नेपालमा मनाइने पर्वहरूसम्बन्धी फागुगीतमा पनि हाम्रा महान् पर्वहरूको चर्चा गर्दै हाम्रा संस्कृति र परम्पराअनुसार ती चाडपर्वहरू हर्षोल्लासका साथ मनाएर मनोरञ्जन लिने गरेको कुरा चित्रण गरिएको पाइन्छ ; जस्तै :

फागुनै महिना त होलीका हो
फागुनै महिना त होलीका हो
वैशाख मैनामा नयाँ वर्ष लायो
वैशाख मैनामा नयाँ वर्ष लायो
रुखपात बिरुवामा पालुवा पलायो भगवान्
ए हो ! रुखपात बिरुवामा पालुवा पलायो भगवान्
वैशाख हो नयाँ वर्ष मनाउने वैशाख हो
जेठ र असार साउने झरी
जेठ र असार साउने झरी
असोज र कात्तिक शरद ऋतु भगवान्
ए हो ! असोज र कात्तिक शरद ऋतु भगवान्
फागुनै महिना त होलीका हो
फागुनै महिना त होलीका हो ।

माथिको फागुगीतको अंशमा हाम्रा महान् चाडहरू दशैँ, तिहार, छठ, होली वा फागु, नयाँ वर्ष आदि निकै हर्षोल्लासका साथ मनाएर भरपुर मनोरञ्जन लिने परम्पराको चर्चा गरेको देखिन्छ । यी पर्व मनाउने आफ्नै संस्कृति र परम्परा रहेको र ऋतुअनुसार फरक फरक समयमा भिन्न भिन्नै चाडपर्व मनाउने गरेको कुरा उल्लेख गरिएको छ । यसमा शरद ऋतुमा पर्ने विजया दशमीमा रातो टीका र जमरा लागाएर दुर्गा भवानीको पूजा गरेर तथा तिहारमा घरघरमा झिलीमिली बत्ती बाली सप्तरङ्गी टीका लगाएर लक्ष्मीको पूजा गरी मनाउने परम्पराको वर्णन गर्नुका साथै फागुन महिनामा नाचगान गरेर फागु खेल्दै खुसी साटासाट गरी रमाइलो गर्ने परम्पराको वर्णन गरेको पाइन्छ ।

वसन्त ऋतुसम्बन्धी फागुगीतमा पनि वसन्त ऋतुमा प्रकृतिमा आएको हरियाली र उमङ्गसँगै मानिसको मनमा पनि खुसियाली छाएको प्रसङ्गको पनि चर्चा पाइन्छ । यसमा वसन्त ऋतुमा गुरदौली थुँगेसरी, पटेसार, सयपत्री, लालकोटी, लालुपाते जस्ता विभिन्न थरीका फूलहरू फुलेको देखेर भमराहरूसमेत रमाउँदै ती फूलको रस चुस्न घुमीघुमी आएको प्रसङ्गको वर्णन पनि रोचक ढङ्गले गरिएको छ जसलाई तलको उदाहरणले पुष्टि गर्छ :

तारा मण्डल अभिलाषा चन्दन
हो म त जान्छु जोगीयाको भेष
गुरदौली फूल फुल्यो मजुराउनै लायो
गुरदौली फूल फुल्यो मजुराउनै लायो ।
घुमी घुमी भमराले रस लिन आयो भगवान्

ए हो ! घुमीघुमी भमराले रस लिन आयो भगवान्
तारा मण्डल अभिलाषा चन्दन
हो म त जान्छु जोगीयाको भेष
थुँगेसरी फूल फुल्यो मजुराउनै लायो
थुँगेसरी फूल फुल्यो मजुराउनै लायो
घुमी घुमी भमराले रस लिन आयो भगवान्
ए हो ! घुमीघुमी भमराले रस लिन आयो ।

प्रकृतिमा छाएको हरियाली र उमङ्गले मान्छेको मनलाईसमेत आनन्दित तुल्याउँछ भन्ने कुरा माथिको दृष्टान्तबाट स्पष्ट हुन्छ । यसरी रिब्दीकोट क्षेत्रमा फागुपर्वका अवसरमा यसै प्रकारका फागुगीत गाएर मनोरञ्जन गर्ने परम्परा रहेको पाइन्छ। उपर्युल्लिखित साक्ष्यबाट यस क्षेत्रमा प्रचलित फागुगीतको उद्देश्य वा प्रयोजन आनन्दानुभूति वा मनारञ्जन हो भन्ने कुरा पुष्टि हुन्छ ।

**नैतिक शिक्षा वा उपदेश**

सिर्जित साहित्य वा लोकसाहित्य यी दुवैको उद्देश्य मनोरञ्जनका साथै व्यावहारिक ज्ञान तथा नैतिक शिक्षा प्रदान गर्नु पनि हो । लोकसाहित्य कम पठित जनसमुदायको सिर्जना भएको हुनाले यो अत्यन्तै सरल र सहज हुन्छ, त्यसैले यसका माध्यमबाट नजानिदो ढङ्गले नैतिक शिक्षा र व्यावहारिक ज्ञानको प्रसारण भएको पाइन्छ । लोकसाहित्यको एउटा विधा लोकगीतअन्तर्गत पर्ने फागुगीतमा अग्रजले गरेका असल कार्यको प्रशंसा गरेर मानिसलाई सही मार्गतर्फ अभिप्रेरित गराउने ध्येय रहेको हुन्छ। रिब्दीकोट क्षेत्रमा यस्तो नैतिक शिक्षा र व्यावहारिक ज्ञान दिने उद्देश्य रहेका फागुगीतहरू रहेका छन् । यी गीतहरूमा निरस पाराले नभई मनोरञ्जनात्मक पारामा नैतिक शिक्षा तथा व्यावहारिक ज्ञान प्रदान गर्ने र समाजमा सुधारको बाटो देखाउने उद्देश्य राखिएको पाइन्छ। यस क्षेत्रमा प्रचलित अधिकांश फागुगीतमा व्यावहारिक ज्ञानका उच्च आदर्शात्मक कृति रामायण, महाभारत र पुराणका प्रसङ्गहरू रहेको हुँदा तिनबाट सिङ्गो युग, सभ्यता र संस्कृतिको विशद् ज्ञान प्राप्त हुन्छ। साथै यहाँका फागुगीतमा नैतिक शिक्षा र व्यावहारिक ज्ञानका साथै आध्यात्मिक ज्ञान दिएको पाइन्छ। यस कुरालाई कलि र परीक्षित्सम्बन्धी फागुगीतको निम्नलिखित अंशले पुष्टि गर्छ :

शरणको मरण नगर न हो
शरणको मरण नगर न हो
छलकपट असत्यमा कलिको बास भयो
छलकपट असत्यमा कलिको बास भयो
एउटा राम्रो ठाउँ खोज्दा सुनमा बस्न गयो भगवान्
ए हो ! एउटा राम्रो ठाउँ खोज्दा सुनमा बस्न गयो भगवान्
कोइ नजाने भावीको लेखा कोइ नजाने
कोइ नजाने भावीको लेखा कोइ नजाने ।

माथिको उदाहरणमा अठार पुराणमध्ये भागवत्को प्रसङ्गको चर्चा गरिएको छ । यसमा शरणको मरण गर्नु हुँदैन अर्थात् जो आफ्नो शरण पर्न आउँछ उसलाई मार्नु हुदैन भन्ने नैतिक उपदेश दिन खोजिएको पाइन्छ। साथै छलकपट र असत्यमा टेकेर नै कलियुले बास गरेको हो भन्दै यहाँ असत्य र छलकपटलाई कलि युगको संज्ञा दिइएको छ । सत्य युगमा असत्य र छलकपटको स्थान हुँदैन तर कलि युगमा भने छलकपट र असत्यको राज हुन्छ त्यसैले कलि युगमा मान्छे सचेत बन्नुपर्छ, भावीले लेखेको कुरा कसैले जान्दैन, लेखेको कुरालाई मानिसले नभोगी सुख छैन भन्ने आध्यात्मिक ज्ञान दिन खोजिएको कुरा उपर्युक्त प्रसङ्गबाट स्पष्ट हुन्छ ।

यसैगरी सीता हरणसम्बन्धी फागुगीतमा रामायणको वन काण्डअन्तर्गत पर्ने सीता हरणको प्रसङ्गबाट आध्यात्मिक एवं व्यावहारिक ज्ञान प्रस्तुत गरिएको कुरा तलको दृष्टान्तबाट पुष्टि हुन्छ :

करिमको खेल बुझिसाध्य छैन भगवान्
ए हो ! करिमको खेल बुझिसाध्य छैन भगवान्
राम सीता जानकीलाई हरनलाई
राम सीता जानकीलाई हरनलाई
लोभ नगर सीता रानी लोभ गर्नु हुँदैन
लोभ नगर सीता रानी लोभ गर्नु हुँदैन ।

उपर्युक्त दृष्टान्तमा पनि कर्मको खेल बुझिसाध्य छैन र यसलाई कसैले बुझ्न पनि सक्दैन भन्ने आध्यात्मिक चिन्तन प्रस्तुत गरिएको पाइन्छ। हुन त भाग्यसम्बन्धी यी कुराहरू वैज्ञानिक रूपमा प्रमाणित भएका होइनन् तथापि मान्छेले भाग्य र कर्मसम्बन्धी यस्ता मान्यताहरूमा विश्वास गर्दै आएको छ। प्रस्तुत दृष्टान्तमा सीताले जङ्गलमा सुनको मृग देखेर लोभिँदा रामले सीतालाई सम्झाउँदै लोभ नगर, लोभ गर्नु हुँदैन भन्ने रामायणको प्रसङ्गका माध्यमबाट मान्छेलाई लोभले लाभ, लाभले विलाप बनाउँछ अर्थात् मृगतृष्णाले मान्छेलाई सुख र शान्ति दिँदैन भन्ने महत्त्वपूर्ण व्यावहारिक ज्ञान प्रवाह गरेको पाइन्छ ।

रिब्दीकोट क्षेत्रमा गाइने फागुगीतमध्ये पाप वा पुण्यसम्बन्धी फागुगीतमा पनि महत्त्वपूर्ण आध्यात्मिक चिन्तन प्रस्तुत गरेको पाइन्छ। यस फागुगीतमा मानिसको चोला अथवा जीवन कर्कलाको पानी जस्तै हुन्छ भन्ने आध्यात्मिक ज्ञान दिएको पाइन्छ। तलको फागुगीतको अंशले यस कुराको पुष्टि गर्छ :

मानिसको चोला कर्कलाको पानी
हिजो हामी कहाँ थिएम् भोलि कहाँ जानी
के लिई आएम् के लिई जाने हो
पाप र पुन्य मात्र साथमा लाने हो भगवान्
ए हो ! पाप र पुन्य मात्र साथमा लाने हो भगवान्
मानिसको चोला कर्कलाको पानी

हिजो हामी कहाँ थिएम् भोलि कहाँ जानी
पाप कर्म थरेम् भनी नरकमा परिन्छ
पुन्य कर्म धर्म गरे बैकुन्ठमा परिन्छ भगवान्
ए हो ! पुन्य कर्म धर्म गरे बैकुन्ठमा परिन्छ भगवान् ।

पाप वा पुण्यसम्बन्धी फागुगीतको माथिको अंशमा मानिसको जीवन कर्कलाको पानी जस्तै अस्थिर हुन्छ । मानिसले जन्मदा रित्तै आएको हुनाले मृत्यु हुँदा पनि रित्तै जान्छ, बरु उसले पाप वा पुण्य मात्र साथमा लिएर जान्छ । हिजो हामी कहा थियौं, भोलि कहाँ जाने भन्ने कुरा कसैलाई थाहा नभएको हुनाले कहिल्यै घमण्ड गर्नु हुँदैन । पाप गरे नरकमा परिन्छ । धर्मकर्म गरे बैकुण्ठमा परिन्छ, त्यसैले मानिसले दुष्कर्म गर्नु हुँदैन, सधै सत्कर्म मात्र गर्नुपर्छ भन्ने आध्यात्मिक एवं व्यावहारिक ज्ञान प्रवाह गरेको पाइन्छ ।

## लोकमङ्गलको कामना

लोकमङ्गलको कामना तथा अनिष्ट निवारण गर्नु पनि लोकसाहित्यको अभीष्ट हो । देवीदेवतासम्बन्धी लोकसाहित्य सिर्जनामार्फत लोकमङ्गलको कामना तथा धर्म प्राप्ति अर्थात् अनिष्ट निवारण हुने कुरासमेत लोकसाहित्यमा पाइन्छ । रिब्दीकोट क्षेत्रमा प्रचलित अधिकांश फागुगीतमा रामायण, महाभारत र पुराणका प्रसङ्गहरू रहेको हुनाले तिनको श्रवण गरेर पनि पापमुक्ति र अनर्थनिवारण हुने विश्वास व्यक्त गरेको पाइन्छ । यज्ञ गरेर अनि भागवत सुनाएर मोक्ष प्राप्त गरी लोकमङ्गलको कामना गर्नु यस क्षेत्रमा प्रचलित फागुगीतको प्रमुख उद्देश्य रहेको देखिन्छ । ती गीतहरूमध्ये परीक्षित् राजाको मुक्तिसम्बन्धी फागुगीतमा वेदव्यासका सुपुत्र शुकदेवले कलियुगका पहिलो धार्मिक राजा परीक्षित्लाई श्रापमुक्त गर्न भागवत् सुनाएको प्रसङ्गले लोकमङ्गलको कामनालाई पुष्टि गर्छ । जस्तै :

हे मेरा भगवान् सुन मेरा भगवान्
रति मन छैन नरकमा जान
नागले डसी मर्नु मलाई पर्ने भयो
मुक्तिको उपाय अव के गर्ने भगवान्
ए हो ! मुक्तिको उपाय अव के गर्ने भगवान्
परीक्षित राजालाई मुक्त गर्नलाई
शुकदेव स्वामीले भागवत सुनाई
त्यहीँबेला शुकदेबको हुकुम हुन लायो
मोक्ष्यको उपाय भागवत् सुनाई
परीक्षित राजालाई मुक्त गर्नलाई
शुकदेव स्वामीले भागवत सुनाई
परीक्षित राजालाई मुक्त गर्नलाई ।

परीक्षित्को मुक्तिसम्बन्धी फागुगीतको माथिको साक्ष्यमा श्रृङ्गी ऋषिले परीक्षित्लाई सात

दिनभित्र नागले डसेर मरेस् भनी श्राप दिएपछि श्रापबाट मुक्त हुने उपाय खोज्दै शुकदेवसँग गएको र शुकदेवले अठार पुराणको सार भागवत् सुनाएर पापमुक्त गराएको कुरा वर्णन गरिएको छ । यस प्रसङ्गबाट भागवत सुनेर अनिष्ट निवनारण भई धर्मप्राप्ति हुने र त्यो व्यक्तिको मात्र होइन लोकको पनि हित हुन्छ भन्ने कुरा पुष्टि हुन्छ ।

रिब्दीकोट क्षेत्रमा प्रचलित फागुगीत मध्ये दशरथ राजाको शोकसम्बन्धी फागुगीतमा पनि दशरथ राजा निसन्तान भएपछि वशिष्ठ ऋषिको हुकुमले पुत्रेणी यज्ञ गरेपछि तीनै बहिनी रानीका कोखमा गर्भ रहेको कुरा वर्णन गरेको पाइन्छ  यस कुरालाई निम्नलिखित उदाहरणले स्पष्ट पार्छ :

दरबारमा राजाले यज्ञ लगाए
दरबारमा राजाले यज्ञ लगाए
यज्ञको हर्ताकर्ता आफै महाराजा भगवान्
ए हो ! यज्ञको हर्ताकर्ता आफै महाराजा भगवान्
शोक पऱ्यो दशरथ राजालाई शोक पऱ्यो
शोक पऱ्यो दशरथ राजालाई शोक पऱ्यो
यज्ञमा पायस उत्पन्न भयो
यज्ञमा पायस उत्पन्न भयो
तिनै बैनी रानीलाई पायस् खुवाए भगवान्
ए हो ! तिनै बैनी रानीलाई पायस् खुवाए भगवान्
शोक पऱ्यो दशरथ राजालाई शोक पऱ्यो
शोक पऱ्यो दशरथ राजालाई शोक पऱ्यो
तिनै बैनी रानीलाई गरिभ रयो
तिनै बैनी रानीलाई गरिभ रयो
दिन दिनै गरिभ मासपूर्ण भयो भगवान्
ए हो ! दिन दिनै गरिभ मासपूर्ण भयो भगवान् ।

फागुगीतको उपर्युल्लिखित अंशमा निसन्तान रहेका दशरथ राजाले यज्ञ गरेपछि त्यहाँ पायस उत्पन्न भएको र त्यो पायस तीनै बहिनी रानीलाई खुवाएपछि गर्भधारण गरेको कुरा चित्रण गरिएको छ । यो पनि वैज्ञानिक रूपमा प्रमाणित भएको कुरा होइन बरु यो धार्मिक विश्वास हो तथापि हाम्रो समाजमा यस्ता धार्मिक कार्य गरेर लोकको अनर्थ निवारण गर्ने, लोकमङ्गलको कामना गर्ने प्रचलन अद्यापि रहेको पाइन्छ । यसरी रिब्दीकोट क्षेत्रमा प्रचलित फागुगीतमा पौराणिक एवं धार्मिक विषयवस्तुका माध्यमबाट अनिष्ट निवारण र लोकमङ्गलको कामना गरिएको पाइन्छ ।

## यथार्थको प्रकटीकरण

लोकसाहित्यमा पनि शिष्टसाहित्यमा जस्तै इतिहास, भूगोल र समाजको वास्तविक चित्र प्रस्तुत गर्ने उद्देश्य रहेको पाइन्छ । लोकसाहित्यमा इतिहासमा घटेका वास्तविक घटना, विभिन्न भौ

गोलिक स्थानको जानकारी तथा मानिसको जीवनमा देखा पर्ने दुःखसुख, आँसुहाँसो, जनसमुदायका वास्तविक भोगाइको स्वतःस्फूर्त र नैसर्गिक अभिव्यक्ति पाइन्छ । फागुगीत लोकसाहित्यअन्तर्गत पर्दछ त्यसैले रिब्दीकोट क्षेत्रमा प्रचलित फागुगीतमा पनि इतिहास, भूगोल तथा जनसमुदायका वास्तविक भोगाइ र समाजको यथार्थको अभिव्यक्ति पाइन्छ । यहाँ प्रचलित फागुगीतमा समाजका विश्वास, अन्धविश्वास, रीतिथिति, चालचलन, रहनसहन, संस्कृति आदिको प्रतिबिम्ब झल्किएको पाइन्छ । लोकसाहित्यमा यथार्थ विषयवस्तुभित्र कल्पनाको रङ्ग भरिएको हुनाले यसका माध्यमबाट ऐतिहासिक तथा भौगोलिक तथ्यका साथै समाजको वास्तविक ढुकढुकी छाम्न सकिन्छ। यस क्षेत्रका फागुगीतमा पनि यिनै पक्षहरूको यथार्थ चित्रण पाइन्छ। तीमध्ये दशरथ राजाको शोकसम्बन्धी फागुगीतमा अन्धविशसको अभिव्यक्ति रहेको पाइन्छ । यसमा मानिस निसन्तान भएमा वा छोरा नभएमा नरकमा परिन्छ भन्ने धार्मिक मान्यता प्रस्तुत गरिएको छ । यस मान्यतालाई फागुगीतको निम्नलिखित अंशले पुष्टि गर्छ :

शोक पऱ्यो दशरथ राजालाई शोक पऱ्यो
शोक पऱ्यो दशरथ राजालाई शोक पऱ्यो
तिन बैनी रानीमा एक पुत्र छैनन्
पुत्र बिना राजाले हिर्दय धर्काय भगवान्
दरबारमा राजाले यज्ञ लगाए
यज्ञको हर्ताकर्ता आफै महाराजा भगवान्
शोक पऱ्यो दशरथ राजालाई शोक पऱ्यो
यज्ञमा पायस उत्पन्न भयो
तिनै बैनी रानीलाई पायस् खुवाए भगवान्
तिनै बैनी रानीलाई गरिभ रयो ।

फागुगीतको माथिको अंशमा रामायणको प्रसङ्गका माध्यमबाट निसन्तान भएमा वा छोरा नभएमा नरकमा परिन्छ भन्ने भयले दशरथ राजा हृदय धर्काएर रोएको र पुत्र प्राप्तिका उपायको खोजी गरी यज्ञ गरेर पायस खुवाएपछि तीनै बहिनी रानीले गर्भधारण गरेको कुरा वर्णन गरिएको छ। यो पनि रुढीवादी मान्यता नै हो। यो वैज्ञानिक रूपमा प्रमाणित भएको कुरा पनि होइन तथापि प्राचीन कालदेखि आजसम्म पनि यस मान्यताले समाजमा जरा गाडेर बसेको देखिन्छ। यसरी यस क्षेत्रका फागुगीत धार्मिक अन्धविश्वासलाई यथार्थ रूपमा अभिव्यक्त गरिएको कुरा माथिको उदाहरणबाट पुष्टि हुन्छ।

नेपालको राष्ट्रियतासम्बन्धी फागुगीतमा नेपाल स्वर्गजस्तो सुन्दर भए तापनि विशेषगरी युवाशक्ति विदेश पलायन हुँदै गएको समसामयिक यथार्थ प्रस्तुत गरिएको पाइन्छ । राजनैतिक अस्थिरता, उद्योगधन्दा र कलकारखाना बन्द भएको तथा बेरोजगारीको समस्याका कारणले नेपाली युवायुवतीहरू विदेश पलायन हुँदै गएको वास्तविकतालाई यस गीतको तलको अंशले पुष्टि गर्छ :

चलो नेपाल देश जाउँ हो साथी हो
चलो नेपाल देश जाउँन हो
हाम्री आमा राम्री नेपाल छन् धनी

नेपालका छोराछोरी विदेश पलायन
धरती स्वर्ग छ नि यहीँ नेपाल देशमा
श्रम पसिना बगाउँ है आफ्नै देशमा
तराईदेखि हिमालसम्म विविधता अनेक
वनस्पति जडीबुटी जात जातका
कृषि क्षेत्र अन्नको अवसरले युक्त छ
तर अहिले कलकारखाना उद्योग बन्द छ ।

फागुगीतको उपर्युक्त अंशमा नेपाल उद्योगधन्दा बन्द भई बेरोजगारीको समस्याले आक्रान्त छ त्यसैले यहाँका युवायुवतीहरू यो देश छोडेर विदेश पलायन भएका कारणले यो देश वृद्धाश्रमजस्तो भएको मार्मिक यथार्थ प्रस्तुत गरिएको छ । उद्योगधन्दा बन्द हुनु, पर्यटनको विकास हुन नसक्नु, जडीबुटीको अनुसन्धान हुन नसक्नु, कृषिमा आधुनिकीकरण हन नसक्नु, आफ्नो संस्कृति र वेशभुषामा गर्व गर्न नसक्नु, विदेशी संस्कृतिको अनुशरण गर्नु नेपाल ज्वलन्त समस्याहरू हुन् । यी समस्याका कारणले नेपालको आर्थिक विकास हुन सकेको छैन फलस्वरूप नेपाल स्वाधीन र आत्मनिर्भर बन्न सकेको छैन । तसर्थ पराधीन सोचाइमाथि धावा बोल्दै यसको विकास गरेर नेपाललाई आत्मनिर्भर बनाउँनुपर्छ भन्ने जनसमुदायको भावना पनि यसमा समेटिएको पाइन्छ । यसबाट रिब्दीकोट क्षेत्रमा प्रचलित फागुगीतमा वर्तमान नेपालको यथार्थ तस्बिर उतारिएको कुरा पुष्टि हुन्छ ।

रिब्दीकोट क्षेत्रमा प्रचलित फागुगीतमा पाल्पा जिल्लाको भौगोलिक र ऐतिहासिक तथ्य पनि प्रस्तुत गरिएको पाइन्छ । पाल्पाको भूगोल र धर्मसंस्कारसम्बन्धी तथा पुरानोकोट दरबारसम्बन्धी फागुगीतमा यहाँको ऐतिहासिक र भौगोलिक तथ्यको प्रस्तुति रहेको पाइन्छ । जस्तै :

सोरौँ शताब्दीका सेन वंशी राजा
सोरौँ शताब्दीका सेनवंशी राजा
सेनवंशी राजाको राज्य भूमि पाल्पा भगवान्
ए हो ! सेनवंशी राजाको राज्य भूमि पाल्पा भगवान्
गाऊ गाऊ दाजुभाइ पाल्पाको फाउ
टेम्का र ढोलकी मजुरा बजाऊ
पुर्ना कोटमा राजाको थियो दरबार
पुर्ना कोटमा राजाको थियो दरबार
चारैतिर राजाले राज्य बढाए भगवान्
ए हो ! चारैतिर राजाले राज्य बढाए भगवान् ।

पाल्पाको भूगोल र धर्मसंस्कारसम्बन्धी फागुगीतको माथिको अंशमा सोह्रौं शताब्दीमा पाल्पा जिल्लाको रिब्दीकोटमा सेनवंशीय राजाले शासन गरेको तथा पुरानोकोट दरबार त्यहाँको राजधानी रहेको ऐतिहासिक तथ्य प्रस्तुत गरिएको पाइन्छ । साथै यहाँको फागुगीतमा यही पुरानोकोट दरबारको भौगो लिक अवस्थितिको पनि चित्रण गरेको पाइन्छ । जस्तै :

तारेभीरको शिरमा दरबार बनाए
तारेभीरको शिरमा दरबार बनाए
पुरुवमा खदलुक चोक पश्चिम हार्थोक
उत्तरमा नारनथोक दक्षिण कोटथोक
चारैकोटको बिचमा बनाए दरबार भगवान्
ए हो ! चारैकोटको बिचमा बनाए दरबार भगवान्
पुर्नाकोटे मैयारानी खुशी पार्नलाई
पोखरीमा पूजा गरी बलि चढाई ।

पुरानोकोट दरबारसम्बन्धी फागुगीतको माथिको अंशमा सेनवंशीय राज्यको राजधानी पुरानोकोटको दरबार तारेभीरको शिरमा रहेको र त्यसको पूर्वमा खदुलचोक, पश्चिममा हार्थोक, उत्तर मा नारायणथोक र दक्षिणमा कोटथोक रहेको भौगोलिक तथ्यको प्रस्तुतिले रिब्दीकोट क्षेत्रमा प्रचलित फागुगीतमा ऐतिहासिक र भौगोलिक यथार्थको प्रकटीकरण गरिएको कुरा पुष्टि हुन्छ ।

## निष्कर्ष

उद्देश्यलाई अर्को शब्दमा प्रयोजन भनिन्छ । रिब्दीकोट क्षेत्रमा प्रचलित फागुगीतहरूको मूल प्रयोजन भनेको मनोरञ्जन, नैतिक शिक्षा वा उपदेश, लोककल्याण र सामाजिक यथार्थको प्रकटीकरण नै रहेको देखिन्छ । यहाँका सबै फागुगीतहरूमा होली वा फागुपर्व मनाउने क्रममा गाउँने गरिन्छ । यी फागुगीतहरूका सामाजिक, धार्मिक, सांस्कृतिक, पौराणिक आदि विषयवस्तुभित्र रहेका विरह तथा वेदना भए पनि त्यसको गायनपछि मनमा शान्ति उत्पन्न हुने भएकाले यस्ता दुःखका गीतहरूमा पनि मनोरञ्जन भन्ने तत्त्व अन्तर्घुलित भएर आएको देखिन्छ। फागुपर्व आफैमा खुसियालीको अवसर भएको हुँदा यस सन्दर्भमा गाइने गीतमा मनको बहलाउ वा मनोरञ्जन अन्तिम लक्ष्य भएको पाइन्छ। यस क्षेत्रका फागुगीतमा अग्रजले गरेका असल कार्यको प्रशंसा गरेर मानिसलाई सही मार्गतर्फ अभिप्रेरित गराउने ध्येय रहेको हुन्छ। यहाँ यस्तो नैतिक शिक्षा र व्यावहारिक ज्ञान दिने उद्देश्य रहेका फागुगीतहरू पनि रहेका छन् । यी फागुगीतहरूमा मनोरञ्जनात्मक पारामा नैतिक शिक्षा, व्यावहारिक ज्ञान तथा आध्यात्मिक ज्ञान प्रदान गर्ने र समाज सुधारको बाटो देखाउने उद्देश्य राखिएको पाइन्छ। यस क्षेत्रमा प्रचलित अधिकांश फागुगीतमा व्यावहारिक ज्ञानका उच्च आदर्शात्मक कृति रामायण, महाभारत र पुराणका प्रसङ्गहरूका माध्यमबाट सिङ्गो युग, सभ्यता र संस्कृतिको बृहत् ज्ञान दिएको पाइन्छ । लोकमङ्गलको कामना तथा अनिष्ट निवारण गर्नु यहाँ प्रचलित फागुगीतको अभीष्ट हो । देवीदेवतासम्बन्धी फागुगीतमार्फत लोकमङ्गलको कामना तथा धर्म प्राप्ति अर्थात् अनिष्ट निवारण हुने कुरासमेत यी गीतमा पाइन्छ । यज्ञ गरेर अनि भागवत सुनाएर मोक्ष प्राप्त गरी लोकमङ्गलको कामना गर्नु यस क्षेत्रमा प्रचलित फागुगीतको प्रयोजन रहेको देखिन्छ । यहाँ प्रचलित फागुगीतमा ऐतिहासिक एवं भौगोलिक तथ्यको जानकारीका साथै जनसमुदायका वास्तविक भोगाइ र समाजको यथार्थको अभिव्यक्ति पाइन्छ। यी फागुगीतमा समाजका विश्वास, अन्धविश्वास, रीतिथिति, चालचलन, रहनसहन, संस्कृति आदिको समेत प्रतिबिम्ब झल्किएको पाइन्छ ।

(यो लेख दर्शनाचार्य-विद्यावारिधि तहको 'रिब्दिकोट क्षेत्रमा प्रचलित फागुगीतको संरचनात्मक अध्ययन' शीर्षकमा गरिएको शोधकार्यमा आधारित रहेको छ । यस कार्यका लागि विश्वविद्यालय अनुदान आयोगले उपलब्ध गराएको पूर्ण विद्वतवृत्तिको अवार्ड नं.. MPhil–78/79 H æ S – 06 हो । यसका लागि पूर्ण विद्वतवृत्ति उपलब्ध गराई सहयोग गर्ने विश्वविद्यालय अनुदान आयोग, संस्थाका पदाधिकारी र सदस्यहरूप्रति म विशेष आभार प्रकट गर्छु । साथै आगामी दिनमा पनि यस संस्थाबाट अध्ययन तथा अनुसन्धानमा यस्तै सहयोगको अपेक्षा गर्दछु ।)

## सन्दर्भ सामग्रीसूची

आचार्य, गोविन्दप्रसाद (२०६२), लोकगीतको विश्लेषण, काठमाडौं : पैरवी प्रकाशन ।

जिसि, झपेन्द्र (२०७८), फागु संस्कृति : एक अध्ययन, पाल्पा : सामुदायिक बहुसञ्चार केन्द्र ।

पराजुली, कृष्णप्रसाद (२०५७), नेपाली लोकगीतको आलोक, काठमाडौं : वीणा प्रकाशन प्रा.लि. ।

बन्धु, चूडामणि (२०७५), नेपाली लोकसाहित्य, काठमाडौं : एकता बुक्स ।

लामिछाने, कपिलदेव (२०७७), लोकसाहित्य सिद्धान्त, काठमाडौं नेपाल प्रज्ञा-प्रतिष्ठान ।

लुइटेल खगेन्द्रप्रसाद (२०६२), कविताको संरचनात्मक विश्लेषण, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, ऋषिप्रसाद (२०६४), नेपाल राष्ट्रिय चाडपर्व, काठमाडौं : रत्न पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०४८), शैली विज्ञान, काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६३), लोकवार्ताविज्ञान र लोकसाहित्य, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।